# स्थानीय राजपत्र

## शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८) शेरावगर, नुवाकोट, २०८१ साल पुष २९ गते (संख्याः १५


# भाग – २

**शिवपुरी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०९/२८

**प्रस्तावनाः**

शिवपुरी गाउँपालिकाभित्र स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका समुदायलाई स्वास्थ्य सेवामा सर्व सुलभ तवरले पहुँच पुर्याउन तथा गाँउपालिका क्षेत्रभित्र स्थायीरुपमा बसोबास गर्दै आएका गर्भवती महिलालाई सुत्केरी गराउन गाँउपालिकाभित्रका बर्थिङ्ग सेन्टरमा निःशुल्क पुर्याउन, बर्थिङ्ग सेन्टरको प्रेषण पुर्जाको आधारमा सुविधा सम्पन्न अस्पतालसम्म निःशुल्क प्रेषण गर्न, "क" वर्गका फरक क्षमता भएका (रातो कार्डवाला) स्थायी बासिन्दालाई स्वास्थ्य उपचारको लागि अस्पतालसम्म निःशुल्क प्रेषण गर्न तथा विभिन्न कारणबाट शक्त घाइते व्यक्तिहरुलाई अस्पतालसम्म पुऱ्याई एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर बृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी शिवपुरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **"एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१"** रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरेको मिति बाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ लागेमा यस कार्यविधिमाः

क) **"एम्बुलेन्स"** भन्नाले बिरामी ओसार्न स्वीकृत प्राप्त गरेको (हल्का सवारी साधन) वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचर/परिचारिका समेतलाई जनाउँछ ।

ख) **"एम्बुलेन्स जनशक्ति"** भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

ग) **"चालक"** भन्नाले एम्बुलेन्स चलाउने हल्का सवारी चालक सम्झनु पर्छ ।

घ) **"पदाधिकारी"** भन्नाले गाँउपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, वडा सदस्य र कार्यपालिका सदस्य समेतलाई जनाउनेछ ।

ङ) **"गाउँपालिका"** भन्नाले शिवपुरी गाउँपालिकालाई सम्झनु पर्छ ।

च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

छ) **"सेवा शुल्क"** भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले गाँउपालिकालाई बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

ज) **"सेवा"** भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

## परिच्छेद-२
## व्यबस्थापन तथा अनुगमन

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति**

१) एम्बुलेन्स सेवा सञ्चालन व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेका एक एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

क. गाउँपालिका उपाअध्यक्षः संयोजक

| | |
|---|---|
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. सामाजिक विकास समितिका संयोजक | सदस्य |
| घ. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ. शिवपुरी आधारभुत अस्पताल प्रमुख | सदस्य |
| च. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | सदस्य |
| छ. गाँउपालिका क्षेत्र भित्र रहेको नजिकको प्रहरी चौकी प्रमुख | सदस्य |
| ज. स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख | सदस्य सचिव |

बैठकमा विषय विज्ञलाई आमन्त्रित गर्ने सकिनेछ ।

२) नियम (३) को उपनियम (१) बमोजिमको एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

३) बैठकमा आवश्यकतानुसार अन्य पदाधिकारी एवं विषय विज्ञ समेतलाई आमन्त्रण गर्न सकिनेछ ।

४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३
## काम कर्तव्य र अधिकार

**४. समितिको काम कर्तव्य र अधिकारः**

(१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः।

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको सम्बन्धमा अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने ।

ग) आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिई आचार संहिता पालना गर्न लगाउने

घ) बारम्बार आचरण उलंघन गरेमा आवश्यकता अनुसार करार संझौता रद्ध समेत गर्ने ।

ङ) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने ।

च) जिल्लास्तरमा एम्बुलेन्स सम्बन्धी दररेट निर्धारण गर्ने निकायको सिफारीस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने ।

छ) सरोकारवाला तथा अन्य संघ संस्थाहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

ज) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

झ) सानिमा बैंकको शिवपुरी शाखामा कार्यालयको कोष खातामा आम्दानी जम्मा गर्ने व्यवस्था मिलाउने ।

ञ) गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धि सम्पूर्ण आय व्ययको विवरण समितिको सदस्य सचिव मार्फत व्यवस्थित गर्न लगाउने ।

ट) चालकले अनुसुची-१ बमोजिम सेवा शुल्क लिई बैंकमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिका सदस्य सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षको जेष्ठ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३) शिवपुरी गाउँपालिका अन्तर्गत बसोबास गर्ने सेवाग्राही, गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने नदिने सम्बन्धमा समितिले निर्णय गर्न सक्नेछ ।

## परिच्छेद-४
## सेवा शुल्क एवं मर्मत सम्भार

**५. सेवा शुल्क सम्बन्धी व्यवस्थाः**

१. एम्बुलेन्स सेवा प्रयोग गरे बापतको सेवा सुविधा अनुसूची-१ बमोजिम हुनेछ ।

२. सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी समितिको सदस्य सचिवको हुनेछ ।

३. कोषको संचालन, संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ । कोषको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ ।

४. देहाय बमोजिमको अवस्थामा मात्र निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

(क) शिवपुरी गाउँपालिकाभित्र स्थायीरुपमा बसोबास गर्दै आएका सुत्केरी महिलाहरुलाई सुत्केरी गराउन पालिकाभित्रका बर्थिङ्ग सेन्टरमा निःशुल्क ल्याउन लैजान (दोहोरो) निःशुल्क यातायात सेवा प्रदान गरिनेछ ।

(ख) बर्थिङ्ग सेन्टरमा सुत्केरी गराउन नसकिने अवस्थामा सो बर्थिङ्ग सेन्टरको प्रेषण पुर्जाको आधारमा सुविधा सम्पन्न अस्पतालसम्म सुत्केरी महिलालाई निशुःल्क (एकतर्फी) प्रेषण गरिनेछ ।

(ग) गाउँपालिका क्षेत्रभित्रका गर्भावस्थामा अत्याधिक रक्तस्राव भई सुविधा सम्पन्न अस्पतालसम्म लैजाँदा स्थानीय स्वास्थ्य संस्थाको सिफारिस वा प्रेषण पुर्जाको आधारमा निःशुल्क (एकतर्फी) एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

(घ) गाउँपालिकामा स्थायी बसोबास गर्ने "क" वर्गका फरक क्षमता भएका (रातो कार्डवाला) अपाङ्ग बिरामीलाई उपचार गर्ने उदेश्यले मात्र सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रेषण पुर्जाको आधारमा स्वास्थ्य उपचारको लागि अस्पतालसम्म लैजादा निःशुल्क (एकतर्फी) प्रेषण गरिनेछ ।

(ङ) एम्बुलेन्सबाट निःशुल्क यातायात सेवा प्रदान गर्दा पालिकाको एम्बुलेन्स सञ्चालन कोषबाट आवश्यक इन्धन र चालककलाई भत्ताको व्यवस्था गरिनेछ ।

(च) एम्बुलेन्स सेवा सञ्चालन गर्न आकास्मिक कार्यको लागि खर्च व्यबस्थापन गर्न पेश्की रकम स्वास्थ्य शाखालाई उपलब्ध गराइने छ ।

## परिच्छेद-५
## नियुक्ति र सेवा सुबिधा

**६. चालकको नियुक्ति र सेवा सुविधाः**

१) एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँपालिकाले एक जना चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

२) चालकको पारिश्रमिक सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

३) चालकको रु ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । बीमाको प्रिमियम वापतको रकम गाँउपालिकाको कोषबाट व्यहोरिने छ।

४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची-२ बमोजिम हुनेछ ।

५) एम्बुलेन्स सेवा सुचारु हुँदा चालकलाई भत्ता वापत काठमाडौं, त्रिशुली क्षेत्रभित्र प्रतिट्रिप रु. ५००। (पाँच सय मात्र) र अन्य क्षेत्रको हकमा सो रकममा नघट्ने गरी समितिको निर्णय बमोजिम कोषबाट उपलब्ध हुनेछ ।

६) निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदा कोषबाट प्रति ट्रिप रु. ५०० (पाँच सय मात्र) चालकलाई भत्ताको व्यवस्था गरिनेछ ।

७) चालकलाई समितिको निर्णय बमोजिम थप अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

**७. एम्बुलेन्स रहने स्थान र सोको मर्मत संभारः**

१) नियम ४ को उप नियम १ बमोजिम संचालन हुने एम्बुलेन्सको हकमा शिवपुरी गाउँपालिकाको हातामा रहनेछ ।

२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनामा रु ५,०००।– (पाँच हजार मात्र।) सम्मको इस्टीमेट अनुसारको चालक आफैले मर्मत गर्न सक्नेछ । सो भन्दा बढीको मर्मत गर्नु पर्ने भएमा नियम ३ बमोजिमको समितिले निर्णय गरे बमोजिम हुनेछ ।

३) एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

## परिच्छेद-६
## विविध

**८. चालकले पालना गर्नुपर्ने आचार संहिताः** एम्बुलेन्स चालकले पालना गर्नु पर्ने आचार संहिता अनुसूची-२ बमोजिम हुनेछ ।

**९. न्यूनतम सेवा, सुविधा तथा औषधीको विवरणः** एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिका विवरण अनुसुची-३ बमोजिम हुनेछ ।

**१०. व्याख्या र बचाऊः**

१) यस कार्यविधि सञ्चालनमा कुनै द्धिविधा उत्पन्न भएमा गाँउपालिकाको निर्णय अन्तिम रहनेछ ।

२) एम्बुलेन्स सञ्चालन सम्बन्धमा यस पूर्व भएका निर्णय यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

३) यो कार्यविधि आवश्यकतानुसार गाँउपालिकाले संशोधन गर्न सक्नेछ ।

**११. खारेजीः** एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धि कार्यविधि, २०८० खारेज गरिएकोछ ।

अनुसूची-१

(नियम ५ को उपनियम १ र ४ सँग सम्बन्धित)

**लग बुक र सेवा शुल्क सम्बन्धी दररेट**

| सि. नं. | मिति | बिरामीको नाम | स्थान देखि | स्थान सम्म | सुरु कि.मि. | अन्तिम कि.मि. | स्वीकृत दररेट | जम्मा रकम | निःशुल्क एम्बुलेन्स सेवा | रकम बुझाउने को हस्ताक्षर | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**एम्बुलेन्सको सेवा शुल्कः**

१. कच्ची सडक प्रति किलो मिटर रु २००।

२. ग्रावेल सडक प्रति किलो मिटर रु १५०।

३. पक्की सडक प्रति किलो मिटर रु १००।

४. गाउँपालिकाको कार्यालय देखि १ कि.मी. चक्रमा पर्ने वा स्थान सम्मका लागि रु २००।- भाडा दर कायम गरिएको छ । यस गाँउपालिका भित्र बिरामीको घरदेखि स्वास्थ्य संस्थासम्म वा स्वास्थ्य संस्थादेखि बिरामीको घरसम्म एम्बुलेन्स सेवा दिए बापत दुरीको आधारमा अधिकतम रु.२,५००।- र गाँउपालिका भन्दा बाहिर सेवा दिँदा माथि उल्लेखित दुरीको आधारमा सेवा शुल्क लिन सकिनेछ ।

अनुसूची-२

(नियम ८ सँग सम्बन्धित)

## एम्बुलेन्स चालकले पालना गर्नु पर्ने आचार संहिता

१. एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१ लाई पूर्णतः पालना गर्नुपर्ने,
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारीता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,
४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सधै सम्मानजनक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५. आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका वारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,
९. आफ्नो कामको सिलसिलामा पाएको कुनै सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना वारेमा जानकारी दिन सक्ने,
१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुर्याउनु पर्ने।
११. आफुले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियमानुसार स्वयं सजायको भागेदारी हुनेछ ।

म ..............................ठेगाना .......................................... ना.प्र.प न. ............. जारी मिति ......................... जिल्ला, ड्राइभिङ लाइसेन्स न. .......................... जारी मिति ....................................ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । नुवाकोट जिल्ला शिवपुरी गाउँपालिकाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| चालकको: | रोहवरमा प्रमाणित गर्ने व्यक्तिको: |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| मितिः | पदः |
| | मितिः |
| | कार्यालयको छापः |

अनुसूची-३

(नियम ९ सँग सम्बन्धित)

## एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिका विवरण

"ख" वर्गको (Sasic Life Support) एम्बुलेन्समा हुनुपर्ने औषधि, उपकरण र जनशक्तिको विवरण

- All Emergency Equipments
  - Stethoscope
  - B.P. Apparatus
  - Torchlight
- IV drips
- Cannulas and syringes
- ECG monitor with oxygen monitor
- Intubation set
- Various intubation tubes and laryngeal tubes
- Ambu bag
- Nebulizer set
- Cervical collars
- CPR board
- Oxygen supply
- OB kit
- Splints
- Catheterization sets

Others

- Washing equipments
- Wheelchair and trolley
- Radio communication
- Table with 4G connectivity

Staffs

- Ambulance driver with first aid trainings
- EMT

"ग" वर्गको (Common Life Support) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण

- First Aid का सामानहरु,
- Oxygen cylinder, Flow meter/Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Bed
- Stethoscope, BP Apparatus, Torchlight
- Driver with basic training in First Aid and emergency medicine

**आज्ञाले,**
**बद्रिनाथ लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**